# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०३)   पोखरा, भदौ २५ गते,  २०७७ साल  (सङ्ख्या ०३


## भाग २

### प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

<u>प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७</u>

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७क. ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "प्रदेश कार्यकारी समिति" भन्नाले ऐनको दफा १४ बमोजिम गठन भएको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

(ग) "प्रदेश कोष" भन्नाले नियम ११ बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनु पर्छ।

(घ) "प्रदेश परिषद्" भन्नाले ऐनको दफा १३क. बमोजिम गठन भएको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(ङ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

**३. <u>प्रदेश विपद् व्यवस्थापन परिषद्:</u>** (१) प्रदेशमा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा योजना तयार गर्ने, आवश्यकता अनुसार प्रदेश कार्यकारी समितिलाई नीतिगत मार्गदर्शन गर्ने तथा निर्देशन दिने समेतको प्रयोजनका लागि ऐनको दफा १३क. बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् रहनेछ।

(२) प्रदेश परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -अध्यक्ष |
| (ख) प्रदेश सरकारका मन्त्रीहरू | -सदस्य |
| (ग) प्रदेश सभाको विपक्षी दलको नेता | -सदस्य |
| (घ) प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष | -सदस्य |
| (ङ) प्रदेश सरकारको प्रमुख सचिव | -सदस्य |
| (च) नेपाली सेना पश्चिम पृतना हेडक्वाटर पोखराका पृतनापति | -सदस्य |
| (छ) गण्डकी प्रदेश प्रहरी प्रमुख | -सदस्य |
| (ज) प्रदेशको सशस्त्र प्रहरी बल, नेपालका बाहिनीपति | -सदस्य |
| (झ) राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश कार्यालयका प्रमुख | -सदस्य |
| (ञ) नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेशका अध्यक्ष | -सदस्य |

(ट) नेपाल चेम्बर अफ कमर्स, गण्डकी प्रदेशका अध्यक्ष -सदस्य

(ठ) नेपाल पत्रकार महासंघ, गण्डकी प्रदेशका अध्यक्ष -सदस्य

(ड) नेपाल रेडक्रस सोसाइटी, गण्डकी प्रदेशका प्रमुख -सदस्य

(ढ) अपाङ्ग महासंघ गण्डकी प्रदेशका प्रमुख -सदस्य

(ण) विपद् व्यवस्थापनको क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरूमध्येबाट कम्तीमा एक जना महिला सहित प्रदेश मन्त्रालयबाट मनोनीत तीन जना -सदस्य

(त) प्रदेश मन्त्रालयको सचिव -सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ण) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा प्रदेश परिषद्ले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्यबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

४. **प्रदेश परिषद्को बैठक सम्बन्धी व्यवस्थाः** (१) प्रदेश परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) प्रदेश परिषद्को सदस्य-सचिवले प्रदेश परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा अठ्चालिस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर तत्काल प्रदेश परिषद्को बैठक बोलाउन आवश्यक भएमा अध्यक्षले अठ्चालिस घण्टा अगावै परिषद्को बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा एक चौथाई सदस्य उपस्थित भएमा प्रदेश परिषद्को बैठक बस्न सक्नेछ।

(३) प्रदेश परिषद्का पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) प्रदेश परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) प्रदेश परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) प्रदेश परिषद्ले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**५. <u>प्रदेश परिषद्को काम, कर्तव्य र अधिकारः</u>** प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् व्यवस्थापनका लागि प्रदेशको मुख्य जिम्मेवार निकायको रुपमा काम गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा योजना स्वीकृत गर्ने,

(ग) खण्ड (ख) बमोजिम स्वीकृत नीति तथा योजना कार्यान्वयनका लागि सहजीकरण, समन्वय र अनुगमन गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापन सम्बन्धी कार्यमा नेपाल सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने,

(ङ) विपद् व्यवस्थापनका लागि आर्थिक श्रोतको व्यवस्थापन गर्ने सम्बन्धमा प्रदेश कार्यकारी समितिलाई निर्देशन दिने,

(च) विपद् व्यवस्थापन सम्बन्धी नीति तथा रणनीतिक कार्य योजना लागु गर्ने, गराउने,

(छ) विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणालीहरूको अध्ययन अनुसन्धान गर्ने गराउने तथा त्यस्ता प्रविधि प्रयोगका लागि प्रोत्साहन गर्ने,

(ज) विपद् प्रभावित क्षेत्रमा संकटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(झ) विपद् व्यवस्थापन सम्बन्धी समग्र कार्यको मूल्याङ्कन गर्ने गराउने तथा प्रदेश कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने।

६. **<u>प्रदेश कार्यकारी समितिको गठनः</u>** (१) प्रदेश परिषद्बाट स्वीकृत नीति, योजना, रणनीति तथा कार्य योजनाको कार्यान्वयन गर्ने गराउने काम समेतका लागि ऐनको दफा १४ बमोजिम एक प्रदेश कार्यकारी समिति रहनेछ।

(२) प्रदेश कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारको आन्तरिक मामिला हेर्ने मन्त्री - अध्यक्ष

(ख) प्रदेश सरकारका प्रमुख सचिव - सदस्य

(ग) नेपाली सेना पश्चिम पृतना हेडक्वाटर पोखराका पृतनापति - सदस्य

(घ) आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, सामाजिक विकास मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवहरू -सदस्य

(ङ) गण्डकी प्रदेश प्रहरी प्रमुख - सदस्य

(च) प्रदेशको सशस्त्र प्रहरी बल, नेपालका बाहिनीपति - सदस्य

(छ) राष्ट्रिय अनुसन्धान गण्डकी प्रदेश कार्यालयका प्रमुख - सदस्य

(ज) प्रदेश मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख - सदस्य सचिव

७. **<u>प्रदेश कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश कार्यकारी समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) प्रदेश कार्यकारी समितिको सदस्य सचिवले प्रदेश कार्यकारी समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबिस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर तत्काल प्रदेश कार्यकारी समितिको बैठक बोलाउन आवश्यक भएमा जुनसुकै बेला पनि प्रदेश कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा एक चौथाई सदस्य उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(३) प्रदेश कार्यकारी समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गण पूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) प्रदेश कार्यकारी समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(५) प्रदेश कार्यकारी समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) प्रदेश कार्यकारी समितिले आवश्यकता अनुसार प्रदेश सरकारका पदाधिकारी, कर्मचारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि तथा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) प्रदेश कार्यकारी समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(८) प्रदेश कार्यकारी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** (१) ऐनको दफा १४ को उपदफा (२) बमोजिम प्रदेश कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् र प्रदेश परिषद्बाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् व्यवस्थापन सम्बन्धी मध्यकालीन तथा अल्पकालीन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने, गराउने,

(ख) विपद् पूर्वतयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको कार्यसञ्चालनमा प्रभावकारिता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ग) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन संघ र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(घ) राहत सामग्रीको व्यवस्थापनका लागि मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ङ) आपतकालीन अवस्थामा विपद् प्रभावितका लागि अस्थायी आश्रयगृह तथा अन्य अस्थायी संरचनाको निर्माण गर्ने, गराउने,

(च) विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न लत्ताकपडा तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध गर्ने,

(छ) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(ज) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवं निजी सवारी साधन, यन्त्र, उपकरण, सरसामान, खाद्यान्न आदिको अभिलेख राखी कानून बमोजिम नियन्त्रणमा लिई प्रयोग गर्ने वा गर्न लगाउने,

(झ) नेपाल सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा रहेका असुरक्षित भवन भत्काउन लगाउने र त्यस्तो कार्यमा स्थानीय तहलाई सहयोग गर्ने,

(ञ) असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तिलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयतात्मक रुपमा वितरण एवं उपयोग गर्ने, गराउने,

(ठ) विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(ड) विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्यांकको संकलन, विश्लेषण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(ढ) विपद्का समयमा गरिएका खोज, उद्धार तथा राहत कार्य सम्बन्धी विवरण प्रदेश परिषद् मार्फत प्राधिकरणमा पठाउने,

(ण) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले ऐन बमोजिम गरेका क्रियाकलापहरूका सम्बन्धमा आवश्यकता अनुसार अनुगमन मूल्याङ्कन गरी सम्बन्धित संस्था तथा प्रतिष्ठानलाई आवश्यक निर्देशन दिने,

(त) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(थ) विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरू गर्ने, गराउने,

(द) विपद् प्रभावित क्षेत्रमा सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने अवस्था रहेमा प्रदेश परिषद् मार्फत सरकार समक्ष सिफारिस गर्ने,

(ध) जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थलको जोखिम तथा संकटासन्नता सम्बन्धी नक्साङ्कन गर्ने, गराउने,

(न) महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) विपद् व्यवस्थापन सम्बन्धमा प्रदेश सरकार र प्रदेश परिषद्ले तोकेका अन्य कार्य गर्ने, गराउने।

(२) उपनियम (१) बमोजिमका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा प्रदेश कार्यकारी समितिले नेपाल सरकार र स्थानीय तहबीच आवश्यक सहकार्य र समन्वय गर्न सक्नेछ।

(३) प्रदेश कार्यकारी समितिले प्रदेश भित्रका विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी सो को वार्षिक प्रतिवेदन प्रदेश परिषद् समक्ष पेश गर्नु पर्नेछ।

९. **प्रदेश कार्यकारी समितिको सचिवालय :** कार्यकारी समितिलाई आवश्यक सहयोग गर्न मन्त्रालयमा रहेको विपद् व्यवस्थापन शाखाले सचिवालयको रुपमा काम गर्नेछ।

१०. **उपसमिति गठन गर्न सक्ने:** (१) प्रदेश कार्यकारी समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपसमितिको काम, कर्तव्य र अधिकार प्रदेश कार्यकारी समितिले गठन गर्दाका बखत तोके बमोजिम हुनेछ।

११. **प्रदेश कोषको स्थापना:** (१) प्रदेशभित्र उत्पन्न भएको वा हुन सक्ने विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न मन्त्रालयमा एक प्रदेश विपद् व्यवस्थापन कोष रहनेछ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) कुनै संघ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) वैदेशिक सरकार, व्यक्ति वा संघ संस्थाबाट प्रचलित कानून बमोजिम प्राप्त सहयोग वा अनुदान,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (१) बमोजिम प्रदेश कोषलाई प्राप्त हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले बैंक खातामा जम्मा गरी सोको बैंक भौचर मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) प्रदेश कोषमा रकम जम्मा गर्ने व्यक्ति वा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी विवरण प्रत्येक महिनाको पहिलो हप्ताभित्र सार्वजनिक गर्नु पर्नेछ।

**१२. <u>प्रदेश कोषको प्रयोगः</u>** (१) प्रदेश कोषको प्रयोग देहायका अवस्थामा मात्र गरिनेछः-

(क) विपद्बाट प्रभावित वा सम्भावित विपद्का घटनाको जोखिममा रहेका व्यक्ति वा समुदायको खोज, उद्धार, राहत, प्रारम्भिक पुनर्स्थापना र सम्पत्तिको संरक्षण लगायतका कार्य सञ्चालन गर्न,

(ख) विपद् प्रभावितलाई तत्काल राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी उपचार, सरसफाई तथा शैक्षिक सामाग्री लगायतको व्यवस्था गर्न,

(ग) विपद्जन्य घटनाबाट निधन भएका व्यक्तिको काजकिरिया वा अन्तिम संस्कारका लागि निजको परिवारलाई राहत, सहायता उपलब्ध गराउन,

(घ) विपद् पूर्व तयारीका लागि उद्धार तथा राहत सामग्री खरिद तथा भण्डारण गर्न,

(ङ) विपद् पूर्व सूचना प्रणालीको मर्मत सम्भार गरी नियमित रुपमा सूचारु राख्न,

(च) जोखिमयुक्त स्थानको पहिचान, उक्त स्थानबाट धनजनको स्थानान्तरण गर्न,

(छ) विपद् पश्चात क्षतिको लेखाजोखा र आवश्यकताको पहिचान तथा विपद्बाट सिर्जित फोहर व्यवस्थापन गर्न,

(ज) जिल्ला वा स्थानीय विपद् व्यवस्थापन कोषमा सहायता रकम उपलब्ध गराउन,

(झ) प्रदेश परिषद् वा प्रदेश कार्यकारी समितिले तोके बमोजिमको विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्न, गराउन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमित रूपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आबद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाइने छैन।

(३) प्रदेश सरकारले प्रदेश कोषमा कम्तीमा पाँच करोड रुपैयाँ मौज्दात रहने व्यवस्था गर्नेछ। प्रदेश कोषको रकम पाँच करोड रुपैयाँभन्दा कम हुने गरी खर्च भएमा प्रदेश सरकारले तत्काल शोधभर्ना गर्नेछ।

(४) प्रदेश कोषको रकम नियमित प्रशासनिक कार्यका लागि खर्च गरिने छैन।

(५) प्रदेश कोषको खर्च प्रदेश कार्यकारी समितिको निर्णय बमोजिम हुनेछ।

(६) तत्काल प्रदेश कार्यकारी समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा पछि लगत्तै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी अध्यक्षको निर्णयबाट आवश्यक रकम खर्च गर्न बाधा पुग्ने छैन।

१३. **प्रदेश कोषको सञ्चालन र लेखा परीक्षणः** (१) प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम मन्त्रालयले "क" वर्गको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(२) प्रदेश कोषको सञ्चालन मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(३) प्रदेश कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१४. राहत वितरणः** (१) प्रदेश कोषबाट राहत उपलब्ध गराउँदा प्रदेश कार्यकारी समिति वा जिल्ला विपद् व्यवस्थापन कोष मार्फत उपलब्ध गराउन सकिनेछ।

(२) राहत उपलब्ध गराउँदा पीडितमध्ये महिला, बालबालिका, ज्येष्ठ नागरिक, विरामी, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

(३) प्रदेश कोषबाट राहत वितरण गर्दा देहाय बमोजिमको राहत उपलब्ध गराइनेछः-

(क) विपद्को घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने आश्रित परिवारलाई राहत स्वरुप प्रति मृतक पचास हजार रुपैयाँसम्म,

(ख) विपद्को घटनामा परी बेपत्ता भएका व्यक्तिको आश्रित परिवारलाई राहत स्वरुप प्रति व्यक्ति पचास हजार रुपैयाँसम्म,

(ग) विपद्को घटनाबाट जग्गा जमिन, पसल, व्यवसाय, खाद्यान्न तथा लत्ता कपडा नोक्सान भई जीवन निर्वाहको वैकल्पिक व्यवस्था नभएका परिवारलाई तत्काल बन्दोबस्त मिलाउन बढीमा पन्ध्र हजार रुपैयाँसम्म,

(घ) विपद्को घटनामा परी खाद्यान्न, लत्ताकपडा लगायत घर पूर्ण रुपमा नष्ट भएको वा पूर्ण रुपमा नष्ट नभए तापनि सम्भावित खतराबाट जोगिन अन्यत्र सर्नुपर्ने वा विस्थापित भै सुरक्षित स्थानमा अस्थायी आश्रयस्थल निर्माण गर्नको लागि बढीमा पच्चिस हजार रुपैयाँसम्म,

(ङ) विपद्को घटनामा परी घर पूर्ण रुपमा नष्ट भई विस्थापित भएको र अन्यत्र घरबास नभएका परिवारलाई सुरक्षित स्थानमा घर निर्माण गर्नका लागि एक लाख रुपैयाँसम्म,

(च) विपद्को घटनामा परी घाइते भएका व्यक्तिका लागि सरकारी वा सामुदायिक वा निजी अस्पतालमा उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च बढीमा पचास हजार रुपैयाँसम्म।

तर नेपाल सरकारको कुनै निकायबाट उपचार खर्च लिएकोमा त्यसरी लिएको उपचार खर्च रकमबाट अपुग भएको उपचार खर्च वा पचास हजार रुपैयाँ मध्ये जुन घटी हुन्छ सो रकम मात्र उपलब्ध गराइनेछ।

(४) नेपाल सरकार वा स्थानीय तह वा दुवैले राहत उपलब्ध गराएकोमा समेत यस नियम बमोजिमको राहत उपलब्ध गराउन बाधा पर्ने छैन।

(५) विपद्मा परी परिवारका सबै सदस्यहरूको मृत्यु भएमा यस नियम बमोजिमको सुविधा उपलब्ध गराइने छैन।

(६) विपद्को घटनामा परी घर पूर्ण रुपमा नष्ट भई विस्थापित भएका र अन्यत्र घरबास नभएका परिवारका लागि सुरक्षित स्थानमा विकासका पूर्वाधार तथा उपयुक्त सेवा सुविधा सहितका व्यवस्थित र सुरक्षित बस्ती विकास गर्ने गरी घर निर्माण गर्नको लागि प्रदेश परिषद्को सिफारिसमा प्रदेश सरकारले तोकेको रकम भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत उपलब्ध गराउनेछ। यस उपनियम बमोजिम रकम उपलब्ध गराउने, घर निर्माण गर्ने र सो सम्बन्धी अन्य व्यवस्था भौतिक पूर्वाधार विकास मन्त्रालयले मापदण्ड बनाई निर्धारण गरे बमोजिम हुनेछ।

तर उपनियम (३) को खण्ड (ङ) र उपनियम (६) बमोजिमको राहत रकम दोहोरो पर्ने गरी उपलब्ध गराइने छैन।

(७) यस नियम बमोजिम राहत उपलव्ध गराउदा देहायका विपद्का घटनालाई समेटिनेछः-

(क) भूकम्प
(ख) बाढी पहिरो
(ग) असिनापानी
(घ) हुरीबतास
(ङ) चट्याङ
(च) आगलागी/डढेलो
(छ) तातो हावाको लहर
(ज) शीतलहर
(झ) हिमपात, हिमपहिरो
(ञ) डुबान
(ट) हिमताल विष्फोट
(ठ) ज्वालामुखी/ग्यास विष्फोट
(ड) उद्धार कार्यमा हुने दुर्घटना।

**१५. विपद्बाट क्षतिग्रस्त भौतिक संरचना मर्मत सम्भारः** (१) विपद्बाट क्षतिग्रस्त भएका सडक, सडक पुल, झोलुङ्गे पुल, पुलेसा, खानेपानी, सिँचाइ, सार्वजनिक तथा सामुदायिक भवन लगायतका भौतिक संरचनाको तत्काल मर्मत सम्भार वा पुनर्निर्माण गर्न प्रदेश सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत आवश्यक बजेटको व्यवस्था गर्नेछ।

(२) प्रदेश परिषद्को सिफारिसमा भौतिक पूर्वाधार विकास मन्त्रालयले उपनियम (१) बमोजिमको मर्मत सम्भार वा पुनर्निर्माण गर्नेछ।

**१६. सम्पत्ति प्राप्त गर्न सक्नेः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ को उपदफा २ (ज) बमोजिम प्रदेश सरकारले सरकारी, गैरसरकारी एवं निजी सवारी साधन, यन्त्र उपकरण, सामग्री, खाद्यान्न आदिको अभिलेख राखी नियन्त्रणमा लिई संकटग्रस्त क्षेत्र घोषणा समाप्त भएको बढीमा तीस दिनसम्मका लागि प्रयोग गर्न वा गराउन सक्नेछ।

**१७. पुरस्कार दिन सकिनेः** विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने व्यक्ति, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी वा संस्थालाई पुरस्कृत गर्न प्रदेश परिषद्ले प्रदेश सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

१८. **वार्षिक प्रतिवेदनः** प्रदेश कार्यकारी समितिले प्रत्येक आर्थिक वर्षमा आफूले गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी ऐनको दफा १० बमोजिमको प्राधिकरण मार्फत दफा ३ को परिषद् समक्ष पेश गर्नु पर्नेछ।

१९. **अधिकार प्रत्यायोजनः** प्रदेश कार्यकारी समितिले यो नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार उपसमिति, अध्यक्ष वा प्रदेश मन्त्रालयको सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

२०. **कार्यविधि र मापदण्ड बनाउन सक्नेः** प्रदेश कार्यकारी समितिले यस नियमावलीको अधीनमा रही आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

२१. **निर्देशन दिन सक्नेः** प्रदेश कार्यकारी समितिको अध्यक्षले विपद् व्यवस्थापन सम्बन्धमा सुरक्षा निकायलाई परिचालन गर्न आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सुरक्षा निकायको कर्तव्य हुनेछ।

२२. **खारेजी र बचाउः** (१) विपद् सम्बन्धी खोज, उद्धार तथा राहत मापदण्ड, २०७५ खारेज गरिएको छ।

(२) विपद् सम्बन्धी खोज, उद्धार तथा राहत मापदण्ड, २०७५ बमोजिम भए गरेका काम कारबाही यसै नियम बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**
**केदारनाथ शर्मा**
**प्रदेश सरकारको सचिव**

**मुद्रक :** आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु २५।-